# रघुगँगा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९

**प्रस्तावनाः** रघुगँगा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

क) पृष्ठभूमिः नेपालको संविधान बमोजिम स्थापित स्थानीय सरकारले आफ्नै स्रोत साधनले आफ्नो सरकार संचालन तथा आफ्नो क्षेत्र भित्रको विकास निर्माण कार्य सम्पन्न गर्नुपर्ने मर्म बमोजिम यस रघुगंगा गाउँपालिकाले स्थानीय जनताको आर्थिक/सामाजिक लगायतको क्षमताको आधारमा कर तथा अन्य शुल्क लगाउने प्रयोजनका लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिमको राजश्व परामर्श समितिले यो प्रतिवेदन तयार गरेको छ ।

ख) राजश्वको मौजुदा अवस्थाको विश्लेषणः चालु आर्थिक वर्षमा रघुगंगा गाउँपालिकाको आन्तरिक आय रु १०००३०००।- (अक्षरूपी एक करोड तीन हजार) हुने अनुमान गरिएकोमा सोको प्राप्ती हाल सम्म भईनसकेकाले उक्त आम्दानी प्राप्ति गर्नका लागि सबैले प्रयत्न गर्नुपर्ने देखिन्छ । आगामी आ.व. मा रु ६५८३०००/– (अक्षरूपी पैसठ्ठी लाख त्रियासी हजार मात्र) हुने अनुमान गरिएको छ । सो अनुमानको विस्तृत विवरण तपसिल बमोजिम छ ।

१. सम्पत्ति करः २,००,०००/-
२. घर जग्गा बहाल करः ८०,०००/-
३. घर जग्गा रजिष्ट्रेशन शुल्कः १०,००,०००/-
४. सवारी साधन कर (रिक्सा, टाँगा लगायत)ः १,०००/-
५. सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) १०,३०,०००/-
६. दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) २२,००,०००/-
७. पर्यटन शुल्कः २०,०००/-
८. विज्ञापन करः २,०००/-
९. व्यवसाय करः २,५०,०००/-
१०. भूमिकर (मालपोत)ः ५,००,०००/-
११. दण्ड जरिवानाः ५०,०००/-
१२. मनोरञ्जन करः १०,०००/-
१३. बहाल विटौरी शुल्क (तिल्केनी भवन र रूईसे भ्युटावर)ः १,९०,०००/-
१४. प्राकृतिक श्रोत साधन करः १०,००,,०००/-

(नदिहरू तथा अन्य स्थानमा उपलब्ध दहत्तर बहत्तर, काष्ठजन्य पदार्थ, तातोपानी कुण्ड)

१५. जडीवुटी, कवाडी र जीवजन्तु (मह समेत) करः ५०,०००/-

जम्माः ६५,८३,०००/-

उपरोक्त करहरूको बार्षिक अनुमान आ.व. २०७९/८० का लागि तपसिल बमोजिम शीर्षकगत प्राप्त हुने अनुमान गरिएको छ ।

**तपसिल**

| राजश्व संकेत | शीर्षक | वार्षिक अनुमान | कैफियत |
|---|---|---|---|
| ११३१४ | भुमिकर (मालपोत) | ५००००० | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०००००० | |
| ११३१३ | सम्पत्ति कर | २००००० | |
| ११३२१ | घर बहाल कर | ८०००० | |
| ११३२२ | बहाल बिटौरी शुल्क | १९०००० | |
| ११६३२ | जडिवुटी, कवाडी र जीवजन्तु कर | ५०००० | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (पार्क, बनभोज, स्थल, भ्यु टावर तथा ढुङ्गा, गिट्टी, बालुवा बिक्री समेत) | १०००००० | |
| १४२२९ | अन्य प्रशासनिक दस्तुर (बोलपत्र बिक्रि समेत) | ५०००० | |
| १४२२१ | न्यायिक दस्तुर (न्यायीक समितिको समेत) | ८००० | |
| १४२२४ | परिक्षा शुल्क | ५०००० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १५०००० | |
| १४२४४ | व्यक्तिगत घटना बिलम्ब दस्तुर | १००००० | |
| १४२४९ | अन्य दस्तुर | ६३५००० | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १००००० | |
| १४६११ | व्यवसाय कर | १५०००० | |
| १५१११ | बेरूजु असुल भई प्राप्त आय | ५०००० | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत (ठेक्का पट्टा र अन्य नक्शापास) | ५०००० | |
| १४३१३ | धरौटी सदर स्याहा | २०००० | |
| १४२४३ | सिफारिस दस्तुर | २२००००० | |
| **जम्मा** | | ६५८३००० | |

ग) राजश्व नीतिहरुः गरिविको रेखामुनि रहेका जनतालाई मर्का नपर्ने गरि यस रघुगंगा गाउँपालिका भित्र प्रगतिशिल कर लगाई अधिकाधिक कर उठाइने र करको दर भन्दा दायरा फराकिलो बनाइने नीति अवलम्बन गरिने छ ।

घ) करका आधारहरुः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, तथा अन्य प्रचलित ऐन कानुन हरु ।

ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्वका श्रोतहरु तपशिल बमोजिम रहेका छन् ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।
(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि रघुगंगा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र सम्पत्ति करका लागि अनुसूची (१) मा तोकिए बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।
(१) गाउँपालिकामा मोटरबाटोले छोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची १(क) बमोजिम हुनेछ ।
(२) गाउँपालिकामा मोटरबाटोले नछोएका घडेरी जग्गाहरुको मूल्याङ्कन अनुसूची १(ख)बमोजिम हुनेछ ।

३. **भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सडक उपयोग सेवा शुल्कः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनको हकमा अनुसूची (६) बमोजिम सडक उपयोग सेवा शुल्क लगाईनेछ । अन्यथा व्यवस्था भएको हकमा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **दण्ड जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको हकमा नियम विपरित कार्य गर्ने वा समयमा करहरू दाखिला नगर्ने व्यक्ति वा संस्थालाई अनुसूची (१४) बमोजिम जरिवाना लाग्नेछ ।

१६. **कर छुटः** यस प्रतिवेदन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो प्रतिवेदनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. यस प्रतिवेदनमा नतोकिएका अन्य कर, सेवा शुल्क र दस्तुर प्रचलित नेपाल कानुनमा व्यवस्था भई हालको प्रचलित दरमा र त्यस्तो कानुनमा उल्लेख नभएको विषयमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**माथि उल्लेख भए बमोजिम करका दरहरु अनुसूचीमा समावेश गरिएको छ ।**

## अनुसूची १

## सम्पत्ती कर

| क्र.स. | मूल्याङ्न विवरण | करका दर |
|---|---|---|
| १ | घर जग्गाको निम्न मूल्याङ्कनमा | |
| | - रु १ लाख सम्म | रू. ६० |
| | - रू १ लाख देखि ५ लाख सम्म | रू. १२० |
| | - रू ५ लाख देखि १० लाख सम्म | रू. ३६० |
| | - रू १० लाख देखि १५ लाख सम्म | रू. ६०० |
| | - रू १५ लाख देखि २० लाख सम्म | रू. १२०० |
| | - रू २० लाख देखि ३० लाख सम्म | रू. १४४० |
| | - रू ३० लाख देखि ४० लाख सम्म | रू. ३२४० |
| | - रू ४० लाख देखि ५० लाख सम्म | रू. ६६०० |
| | - रू ५० लाख देखि ८० लाख सम्म | रू. ९६०० |
| | - रू ८० लाख देखि १ करोड सम्म | रू. १४४०० |
| | - रू १ करोड माथि | ०।६० प्रतिशत |

नोटः मूल्याङ्कन रकमलाई नजिकको लाखमा (Round Figure)परिणत गरी करको दर निर्धारण हुनेछ ।

**जग्गाको न्यूनतम मूल्याङ्कन हद (सम्पत्ति तथा भूमिकर प्रयोजनका लागि समेत)**

**१. रघुगंगा गा.पा. वडा नं १ (साबिक बादुक,बेगखोला गा.बि.स.)**

क. बेगखोला बजारमा पर्ने मोटरबाटो र भित्रिबाटोमा पर्ने घडेरी जग्गाको प्रति रोपनी रु ७०००००|-(सात लाख मात्र)

ख. बेनी देखि राखु भगवती हुदै बेग जाने बाटोको दायाँ बाँया पर्ने घडेरी योग्य जग्गा प्रति रोपनी रु ३५००००|-(तिन लाख पचास हजार मात्र )

ग. साबिक बादुक गाविस वडा नं १/क मा पर्ने तिप्ल्याङको मोटर बाटोको दाँया बाँया पर्ने घडेरी योग्य जग्गा प्रति रोपनी रु १८०००००|-(अठार लाख रूपैयाँ मात्र)

**२. रघुगंगा गा.पा. वडा नं २ ( साबिक राखु भगवती गा.वि.स.)**

क. साबिक राखु पिप्ले गा.वि.स. को अन्तिम सिमाना देखि साबिक बेगखोला गा.वि.स. को सिमाना सम्म पर्ने साबिक राखु भगवती गा.बि.स. अन्तर्गत मोटर बाटोको दाँया बाँया घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु १३२००००|-(तेह्र लाख बिस हजार रूपैयाँ मात्र)

**३. रघुगंगा गा.पा. वडा नं ३ (साबिक राखु पिप्ले गा.वि.स.)**

क. साबिक राखु पिप्ले गा.वि.स अन्तर्गत पर्ने रघुगंगा (गलेश्वोर) पुलको मुख देखि गायत्री मन्दिर घुमाउने ताल हुदै झोलुंगे बगर सम्मको मुस्ताङ जाने मोटरबाटोका दाँया बाँया घडेरी योग्य जग्गा प्रति रोपनी रु १९५००००|-(उन्नाईस लाख पचास हजार रूपैयाँ मात्र)

ख. गलेश्वोर पुलको मुख देखि पिप्ले र भगवती गा.वि.स. को सिमाना सम्म मोटरबाटोको दायाँबायाँ तथा रघुगंगा जलबिद्युत् आयोजनाले अधिग्रहण गरेको जग्गाको दाँया बाँयापर्ने घडेरी योग्य जग्गा प्रति रोपनी रु १५०००००|- (पन्ध्र लाख रूपैयाँ मात्र)

ग. बगैचा-रानीपौवा-रिसिनचौतारी हुँदै बेगको सिमाना सम्मको बेग जाने बाटोको तथा गलेश्वर पुलको मुखदेखि कुतबाग्ङ हुँदै मौवाफाँट जोड्ने मोटरबाटोक दायाँबायाँ घडेरी योग्य जग्गा प्रति रोपनी रू. १३०००००/- (तेह्र लाख रूपैयाँ मात्र )

घ. यस वडा भित्रका शाखा तर्फका निम्नामुसारका साना कच्ची मोटरबाटोहरूको वरिपरि (दायाँबायाँ) को घडेरी योग्य जग्गा प्रति रोपनी रू. ५५००००/- (पाँच लाख पचास हजार रूपैयाँ मात्र)

- रानीपौवा-बखनगौडा-खरिपानी-भिरपाटा
- रानीपौवा-भाटी-हरखर्क-सारिट
- गैराघर-पाटढाँड-गाउँपालिका
- छ्योटडाडाँ-जुगेपानी-मौवाफाँट
- दुलेपानी-मौवाफाँट
- मालिका-मौवाफाँट
- मलिका-कलेजाबाङ्ग
- मौवाफाँट-फूलबारी-महतारे-अक्षेता
- काउरूख-अक्षेता-कलेजाबाङ्ग
- बुढिचौर- स्वामीबोट
- एकघरे-धोखल-बाउनचौर
- पुनढाँड-माछ्रेखोला
- ठूलोखर्क-चौरैलटोल-वालिनडाँडा
- ज्ञानोदय मावि-चाउटी

**४. रघुगंगा गा.पा. वडा नं ४ (साबिक दग्नाम दर्मिजा गा.वि.स.)**

क. साबिक दग्नाम दर्मिजा अन्तर्गत पर्ने मोटरबाटो छोएका घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु ४०००००/- (चार लाख रूपैयाँ मात्र)

**५. रघुगंगा गा.पा. वडा नं ५ (साबिक झी गा.वि.स.)**

क. साबिक झी गा.वि.स. हाल रघुगंगा गाउँपालिका वडा नं. ५ मा पर्ने झिँ-पाखापानी सडक खण्डको दाँया बाँयाका मोटरबाटोको जग्गा प्रति रोपनी रू. ७०००००।- (सात लाख रूपैयाँ मात्र)

ख. रघुगंगा गाउँपालिका वडा नं. ५ मा पर्ने झिँ-टोड्के मोटरबाटो, धारखर्क-झिँ मोटरबाटो, झिँ-फुलडाँडा, झिँ-सिमाफाँट-झिगरूक मोटरबाटोको दायाँबायाँको जग्गा प्रति रोपनी रू. ५५००००/- (पाँच लाख पचास हजार रूपैयाँ मात्र)

ग. झिँ-पाखापानी मोटरबाटोको दायाँबायाँको जग्गा प्रति रोपनी रू. १०,००,०००।- (दश लाख रूपैयाँ मात्र)

**६. रघुगंगा गा.पा. वडा नं ६ (साबिक पाखापानी गा.वि.स.)**

क. पाखापानी गा.वि.स.को कृषि सडकको दाँया बाँया ठाडाखानी गाउँसम्मको घडेरी जग्गा प्रति रोपनी रु ५०००००/- (पाँच लाख रूपैयाँ मात्र)

**७. रघुगंगा गा.पा. वडा नं ७ (साबिक चिमखोला गा.वि.स.)**

क. साबिक चिमखोला गाविसमा पर्ने मोटरबाटो दाँया बाँया घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु २५००००।- (दुई लाख पचास हजार रूपैयाँ मात्र)

**८. रघुगंगा गा.पा. वडा नं ८ (साबिक कुइनेमंगले गा.वि.स.)**

क. साबिक कुइनेमंगले गाविस मा पर्ने मोटरबाटोको दाँया बाँया घडेरी योग्य जग्गा (भिर पहिरो बाहेक) प्रति रोपनी रु १५००००।- (एक लाख पचास हजार रूपैया मात्र)

## अनुसूची १ ख

**माथि उल्लेखित बाहेक रघुगंगा गाउँपालिका भित्रका विभिन्न वडाको जगगाको बर्गिकरण तथा मूल्याङ्कन**

| सि.न. | गा.पा. | वडा नं. | साविकको ठेगाना | खेततर्फ | | | | बारीतर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १ | रघुगंगा गा.पा. | १ | साबिक बेगखोलागा.वि.स.१-९ | ४०००० | ३५००० | ३०००० | २५००० | २४००० | २३००० | २०००० | १६००० |
| २ | रघुगंगा गा.पा. | २ | साबिक भगवतीगा.वि.स.१-९ | ६९३०० | ६२७०० | ५०६०० | ३०८०० | ३८५०० | ३५२०० | २५३०० | २२००० |
| ३ | रघुगंगा गा.पा. | ३ | साबिक पिप्ले मौवाफाटगा.वि.स.१-४ | ८०००० | ७३४०० | ६६८०० | ६०२०० | ६६८०० | ६०२०० | ५३६०० | ४७००० |
| | | | साबिक पिप्ले मौवाफाट गा.वि.स. ५-७ | ११९६०० | १०६४०० | ९३२०० | ८०००० | ८०००० | ७३४००० | ६६८०० | ६०२०० |
| | | | साबिक पिप्ले मौवाफाट गा.वि.स. ८-९ | ६६८०० | ६०२०० | ५३६०० | ४७००० | ५३६०० | ४७००० | ४४८०० | ४१५०० |
| ४ | रघुगंगा गा.पा. | ४ | साबिक दग्नाम दर्मिजागा.वि.स.१-९ | ५०००० | ४७००० | ४४००० | ४१००० | ४५००० | ४२००० | ३९००० | ३७००० |
| ५ | रघुगंगा गा.पा. | ५ | साबिक झी गा.वि.स.१-९ | ५३१३० | ४५५४० | ३७९५० | ३०३६० | ४५५४० | ३७९५० | ३०३६० | २५३०० |
| ६ | रघुगंगा गा.पा. | ६ | साबिक पाखापानीगा.वि.स.१-९ | ४५००० | ४०००० | ३५००० | ३०००० | ३०००० | २५००० | २०००० | १५००० |
| ७ | रघुगंगा गा.पा. | ७ | साबिक चिमखोलागा.वि.स.१-९ | ४०००० | ३८००० | ३५००० | ३३००० | ३३००० | २७५०० | २२००० | १६५०० |
| ८ | रघुगंगा गा.पा. | ८ | साबिक कुइनेमंगलेगा.वि.स.१-९ | ५५००० | ४५००० | ३५००० | ३०००० | ४०००० | ३५००० | ३०००० | २५००० |

## अनुसूची २

**दफा ३ सँग सम्बन्धित**

## भूमि कर (मालपोत)

प्रति रोपनी रु. १५ का दरले लगाइने छ ।

## अनुसूचि ३

**(दफा ४ सँग सम्बन्धित )**

**घर बहाल कर**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशतका दरले हुन आउने रकम घर बहाल कर लाग्नेछ।

## अनुसूचि ४

**( दफा ५ सँग सम्बन्धित )**

**व्यवसाय कर**

| क्र.स. | व्यवसायको नाम तथा किसिम | बार्षिक कर रू. | दर्ता दस्तुर रू. |
|---|---|---|---|
| १ | व्यापरिक वस्तु | | |
| | - डिलर सिप सबै प्रकारका | २००० | ६००० |
| | - डिपार्टमेन्टल स्टोर | २००० | ५००० |
| | - साईकल | १००० | २५०० |
| | - मोटर साईकल | ३००० | ६००० |
| | - अन्य सवारी साधन विक्रेता | २५०० | १२००० |
| | - कम्प्युटर, विद्युत सामान, रेडियो, टेलिभिजन, क्यामेरा | २००० | ६००० |
| | - पेट्रोलियम पदार्थ विक्रेता | ३००० | |
| | - सबै प्रकारका हार्डवेयर पसल (निर्माण सामाग्री समेत) | ३५०० | १२००० |
| | - कार्पेट विक्रि | २५०० | ६००० |
| | - काठ तथा स्टिल फर्निचर पसल | ३००० | ६००० |
| | - किराना पसल (खुद्रा बिक्रेता) | १२०० | २५०० |
| | - किराना पसल (थोक बिक्रेता) | १७०० | ३५०० |

| | | | |
|---|---|---|---|
| | - फलफूल तथा तरकारी पसल | ७०० | १२०० |
| | - कपडा/फेन्सी पसल | १५०० | ३५०० |
| | - सुन पसल उच्च मध्यम र सानो | ४५००, ३०००, १७०० | १२०००, ६०००, ३५०० |
| २ | **निर्माण व्यवसाय ईजाजत** | | |
| | - गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | - क वर्ग | ७००० | |
| | - ख वर्ग | ६००० | |
| | - ग वर्ग | ५००० | |
| | - घ वर्ग | ३५०० | १२००० |
| ३ | **उत्पादन मूलक उद्योग** | | |
| | - साना घरेलु उद्योग | ७०० | १२०० |
| | - मध्यम घरेलु उद्योग | २००० | २५०० |
| | - ठूला घरेलु उद्योग | ३८०० | ४५०० |
| ४ | **कृषि तथा वन जन्य उद्योग** | | |
| | - कुटानी पिसानी सहितको तेल पेल्ने मिल | २००० | ६००० |
| | - कुटानी पिसानी मिल | १५०० | ३५०० |
| | - फर्निचर उद्योग | ३००० | ६००० |
| | - पशु दाना उद्योग | १२०० | ६००० |
| | - पोल्ट्री फर्म उच्च (१००० गोटा भन्दा माथि) | १७०० | ६००० |
| | - पोल्ट्री फर्म सानो(१००० गोटा सम्म) | १२०० | ३५०० |
| | - बंगुर पालन व्यवसाय | १५०० | ६००० |
| | - बाख्रा पालन व्यवसाय (२० भन्दा माथि प्रति गोटा रू. १०० थप) | ९०० | १४०० |
| | - भेंडा पालन व्यवसाय (२० भन्दा माथि प्रति गोटा रू. १०० थप) | ९०० | १४०० |
| | - गाई पालन व्यवसाय (५ भन्दा माथि प्रति गोटा रू. १०० थप) | ९०० | १४०० |
| | - भैंसी पालन व्यवसाय (५ भन्दा माथि प्रति | ९०० | १४०० |

| | | | |
|---|---|---|---|
| | गोटा रू. १०० थप) | | |
| | - कृषि उत्पादन | ९०० | १७०० |
| ५ | **पर्यटन उद्योग** | | |
| | - होटेल सानो | १७०० | ३००० |
| | - होटेल ठूलो | २५०० | ४००० |
| | - मदिरा समेत बिक्रि गर्ने होटेल लज | ३५०० | |
| | - स साना-चिया तथा खाजा पसल | १२०० | २००० |
| | - रेष्टुरेन्ट एण्ड बार | २००० | ३५०० |
| | - लज | २५०० | ३५०० |
| | - गजल/डिस्को/दोहोरी रेष्टुरेन्ट | ३८०० | ६००० |
| ६ | **सेवा उद्योग** | | |
| | - अफसेट प्रेस | २५०० | ६००० |
| | - लेटर प्रेस | १५०० | ३५०० |
| | - चलचित्र भिडियो | १५०० | ३५०० |
| | - सार्वजनिक परिवहन सेवा (गा.पा. भित्र प्रधान कार्यालय भएका) | ३८०० | १२००० |
| | - सार्वजनिक परिवहन सेवा (गा.पा. भित्र शाखा कार्यालय भएको) | ३००० | ६००० |
| | - फोटोग्राफी | १२०० | २५०० |
| | - प्रयोगशाला | १७०० | ६००० |
| ७ | **निर्माण उद्योग** | | |
| | - सिमेन्ट ब्लक उद्योग | ३००० | १२००० |
| | - मेटल ग्रिल उद्योग | ३००० | ६००० |
| | - ईट्टा उद्योग (चिम्नी भट्टा) | ४००० | १२००० |
| | - ईट्टा उद्योग (साधारण भट्टा ) | १७०० | ६००० |
| | - अन्य उद्योग | १२००-६००० | ३५००-१२००० |
| ८ | **संचार सेवा** | | |
| | - NTC | १०००० | |
| | - N Cell | १२००० | |
| | - निजी मोबाईल सेवा केन्द्र | १५०० | २५०० |
| | - निजी टेलिफोन तथा फ्याक्स सेवा | १२०० | २५०० |

| | | | |
|---|---|---|---|
| | - सञ्चार सेवा, टेलिकम वितरण केन्द्र | १००० | १७००० |
| | - फ्याक्स, फोटोकपी तथा प्रिन्टर | १५०० | ३००० |
| | - मोबाईल फोन बिक्री तथा मर्मत | २००० | ३५०० |
| | - कुरियर सेवा | ७०० | २५०० |
| | - साईबर सेवा | १४०० | २५०० |
| | - Screen Print छपाई तथा प्रकाशन | १२०० | ३५०० |
| | - फोन (Inquiry)इन्क्वायरी | ७०० | १७०० |
| ९ | **वित्तीय सेवा** | | |
| | - आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ५५०० | |
| | - वित्तीय कम्पनीको शाखा कार्यालय | ३८०० | |
| | - बिमा कम्पनी | ५००० | |
| | - विदेशी मुद्रा सटही | २२०० | |
| | - मनी ट्रान्सफर | ३५०० | |
| | - धितो पत्र कारोबार | १७०० | |
| | - निजी क्षेत्रका वाणिज्य बैङ्कहरु | ६००० | |
| | - निजी क्षेत्र समेतको स्वामित्वमा रहेका बैङका शाखा कार्यालयहरु | ४००० | |
| | - बिमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरु | २५०० | |
| | - सर्भेयर सेवा केन्द्र | १५०० | |
| १० | **स्वास्थ्य सेवा** | | |
| | - गैर सरकारी अस्पताल | २५०० | |
| | - सामुदायिक अस्पताल | २००० | |
| | - निजी स्तरका अस्पताल तथा रिसर्च सेन्टर | २५०० | |
| | - नर्सिङ होम | २५०० | |
| | - ल्याब तथा क्लिनिक | १५०० | |
| | - होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १२०० | |
| | - औषधि पसल थोक (जनस्वास्थ्य) | २५०० | |
| | - औषधि पसल खुद्रा (जनस्वास्थ्य) | १५०० | |

| | | | |
|---|---|---|---|
| | - औषधि पसल ( आयुर्वेदिक) | १५०० | |
| | - औषधि पसल (पशु स्वास्थ्य ) | १५०० | |
| | - पशु पंक्षी दाना पसल | १५०० | |
| | - जडी बुटी पसल | ९०० | |
| ११ | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | |
| | - चिकित्सक | ६००० | १२००० |
| | - दन्त चिकित्सक रिसर्च | ६००० | १२००० |
| | - पशु चिकित्सक | १७०० | १२००० |
| | - कविराज | १७०० | १२००० |
| | - ईञ्जिनियर | २५०० | १२००० |
| | - कानून व्यवसायी | २५०० | १२००० |
| | - जोतिस परामर्श केन्द्र | १२०० | २५०० |
| | **लेखापरीक्षक** | | |
| | - क वर्ग | ६००० | १२००० |
| | - ख वर्ग | ४५००० | १०००० |
| | - ग वर्ग | ३५०० | ८००० |
| | - घ वर्ग | २५०० | ६००० |
| | **बिमा एजेण्ट** | १७०० | |
| | **सर्भेएर** | १७०० | ६००० |
| | **अनुवादक** | १७०० | ६००० |
| | **नोटरी पब्लिक सेवा** | १७०० | ६००० |
| | **अनुसन्धानकर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत** | १७०० | ६००० |
| | **कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर** | २२०० | ६००० |
| | **शेयर दलाल** | २२०० | |
| | **सामान ढुवानी कर्ता कम्पनी** | २२०० | ६००० |
| | **संस्थागत पेण्टर** | ५००० | ६००० |
| | **म्यान पावर कम्पनी शाखा कार्यालय** | ३००० | |
| | **अन्य कन्सल्टेन्सी एवं परामर्श सेवा** | १७०० | ५००० |
| १२ | **शिक्षा सेवा** | | |
| | - निजी क्षेत्रका पूर्व प्रा.वि. | १२०० | १७०० |

| | | | |
|---|---|---|---|
| | - निजी क्षेत्रका आधारभूत स्कुल | २२०० | ४५०० |
| | - निजी क्षेत्रका मा.वि.(१० कक्षा सम्म) | २७०० | ६००० |
| | - निजी क्षेत्रका मा.वि.(१२ सम्म) | ३५०० | ७००० |
| | - निजी क्षेत्रका क्याम्पस | ४५०० | १२००० |
| | - निजी क्षेत्रका होस्टेल | ३५०० | ६००० |
| | - तालीम तथा अनुसन्धान केन्द्र | १५०० | ६००० |
| | - प्रविधिक शिक्षालय | १५०० | ६००० |
| | - टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | २५०० | ६००० |
| | - ट्युशन तथा कोचिङ सेन्टर | २५०० | ९००० |
| १३ | **मर्मत तथा संभार** | | |
| | - हेभी ईक्वीपमेन्ट मर्मत केन्द्र | २७०० | १२००० |
| | - बस, ट्रक, कार मर्मत केन्द्र | २००० | ६००० |
| | - मोटर साईकल मर्मत केन्द्र | १५०० | ३००० |
| | - साईकल तथा अन्य मर्मत केन्द्र | ९०० | १५०० |
| | - रेडियो, टेलिभिजन, घडी, प्रेशर कुकर, टेलिफोन, सेट, हिटर र बिद्युतीय सामान मर्मत केन्द्र | १२०० | १७०० |
| | - फोटोकपी, प्रिन्टर, कम्प्युटर मर्मत केन्द्र | १४०० | २२०० |
| | - अन्य ईलेक्ट्रिक्स तथा ईलेक्ट्रोनिक्स | १४०० | २७०० |
| १४ | **अन्य सेवा** | | |
| | - विज्ञापन एजेन्सी | १२०० | २७०० |
| | - वैदेशिक रोजगार सेवा | २००० | ३५०० |
| | - स्वदेशी रोजगार सेवा | ६०० | १२०० |
| | - रियल स्टेट | २७०० | ६००० |
| | - ब्युटी पार्लर | ९०० | १७०० |
| | - ड्राई क्लीनर्स | ९०० | १७०० |
| | - फोटो स्टुडियो | ९०० | १७०० |
| | - साईन बोर्ड / पेन्टीङ सेवा | ९०० | १७०० |
| | - हजाम पसल | ९०० | १४०० |
| | - मासु बिक्रेता | १४०० | २२०० |

| | | | |
|---|---|---|---|
| | - टेलर्स (कपडा सहितको) | १७०० | २५०० |
| | - टेलर्स | १२०० | १७०० |
| | - सिलाई प्रशिक्षण केन्द्र | १२०० | १७०० |
| **१५** | **माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा तथा व्यवसाय** | | |
| | - कपडा जुत्ता पसल | १२०० | १७०० |
| | - छाला जुत्ता पसल उच्च | १७०० | २२०० |
| | - छाला जुत्ता पसल साधारण | १२०० | १७०० |
| | - छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | १२०० | १७०० |
| | - भाँडा पसल उच्च | १७०० | २७०० |
| | - भाँडा पसल मध्यम | १४०० | २२०० |
| | - भाँडा पसल साधारण | १२०० | १७०० |
| | - टंकीमा राखिएका पसलहरु | ६०० | १२०० |
| | - चुरा पसल | ७०० | १२०० |
| | - मेशिनरी पार्ट पुर्जा पसल | २७०० | ४५०० |
| | - ड्राईभिङ ईन्स्टिच्युट | २५०० | २७०० |
| | - पान पसल | ७०० | १२०० |
| | - कलर ल्याब | १२०० | २२०० |
| | - डिजिटल कलर ल्याब | २५०० | ३५०० |
| | - फ्लेक्स,प्रिन्टर सेवा | १४०० | २२०० |
| | - अडियो तथा भिडियो क्यासेट सेन्टर | १२०० | २२०० |
| | - दूध डेरी | १२०० | २२०० |
| | - दूध चिस्यान केन्द्र | २००० | २७०० |
| | - स्यानिटरी सामानको पसल | १४०० | २२०० |
| | - प्लास्टिक मेच कुर्सी तथा अन्य सामाग्री पसल | १२०० | २२०० |
| | - ग्यास सिलिण्डर बिक्रेता | १७०० | २७०० |
| | - होजियारी उद्योग | १२०० | २२०० |
| | - कोल्ड ड्रिङ्कस पसल | १२०० | २२०० |
| | - उन/धागो पसल | ९०० | १४०० |
| | - कस्मेटिक्स पसल | १७०० | २७०० |

| | | | |
|---|---|---|---|
| | - स्टेशनरी | १४०० | २२०० |
| | - स्टेशनरी होलसेल | २००० | २७०० |
| | - पत्र पत्रिका पसल | ९०० | १४०० |
| | - मिष्ठान्न पसल | १४०० | २२०० |
| | - लिक्वर पसल (मदिरा जन्य) | २७०० | |
| | - पाउरोटी, मसला, दालमोठ, मैन बत्ती जस्ता घरेलु उद्योग | १२०० | २२०० |
| | - कृषि फलफूल तथा वन नर्सरी व्यवसाय | ९०० | १४०० |
| | - कृषि वीउ बिजन भण्डार | ९०० | १७०० |
| | - दाना तथा आलु, प्याज थोक बिक्रि पसल | १२०० | २२०० |
| | - केबल प्रशारण लाईन | ३५०० | ६००० |
| | - एफ. एम. रेडियो प्रशारण | २५०० | ४५०० |
| | - एफ. एम. रेडियो (सामुदायिक) | २००० | ४५०० |
| | - पुल हाउस/स्नुकर | १२०० | ३५०० |
| | - ट्रान्सपोर्ट सेवा | १२०० | २२०० |
| | - ठेका भाडा | ९०० | १४०० |
| | - माटाका भाडा | ९०० | १४०० |
| | - मादलको पसल | ९०० | १४०० |
| | - डाला नाङला पसल | ९०० | १४०० |
| | - सोलार पावर सप्लायर्स | १४०० | २२०० |
| | - खेलौना तथा उपहार सामाग्री पसल | १४०० | २२०० |
| | - चस्मा मर्मत तथा बिक्री केन्द्र | १२०० | २२०० |
| | - पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ९०० | १४०० |
| | - जडिबुटी पसल | १२०० | २२०० |
| | - पाँच वा सो भन्दा बढी पसल रहेको प्रा.लि. | ३८०० | |
| | - अन्य विभिन्न प्रकारका प्रा.लि. | २८०० | |
| | - चाउमिन उद्योग | १००० | ६००० |
| | - स्वीमिङ्ग पुल | २२०० | ६००० |
| | - मिनरल वाटर उद्योग | २२०० | १२००० |
| | - मिनरल वाटर होलसेल पसल | १४०० | २८०० |
| | - पार्टी प्यालेस | २५०० | ३५०० |

| | | | |
|---|---|---|---|
| | - आल्मुनियम उद्योग | २२०० | ६००० |
| | - अन्य पसल | १२०० | २८०० |

**पटके बजार तथा हाट बजार करः**

| क्र.स. | व्यवसाय | कर रू. | |
|---|---|---|---|
| १ | फेन्सी कपडा प्रति पसल | ६०० | |
| २ | ठेका भाडा प्रति पसल | ३०० | |
| ३ | माटोको भाडा प्रति पसल | २०० | |
| ४ | मादल प्रति पसल | २५० | |
| ५ | औजार भाडा प्रति पसल | १५<br><br>२०० | |
| ६ | सुन चाँदी प्रति पसल | ५५० | |
| ७ | चिया नास्ता प्रति पसल | २०० | |
| ८ | डाला नाङला प्रति पसल | २५० | |
| ९ | चुरा पोते प्रति पसल | २५० | |
| १० | जिरा मसला प्रति पसल | २५० | |
| ११ | जडिबुटि प्रति पसल | २०० | |
| १२ | जुत्ता प्रति पसल | ४०० | |
| १३ | अन्य पसल हेरेर | १५०-७०० | |

**पटके व्यवसाय कर :**

| क्र.स. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | भैंसी, रांगा प्रति गोटा प्रति पटक | १०० | |
| २ | खसी, बोका प्रति गोटा प्रति पटक | ५० | |
| ३ | हाँस, कुखुरा प्रति गोटा प्रति पटक( चल्ला बाहेक) | २० | |
| ४ | घुम्ती व्यवसाय (फेन्सी) | २५० | |
| ५ | घुम्ती व्यवसाय (अन्य) | १५० | |

**खानी/ ढुङ्गा ढुवानी :**

| क्र.स. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | ट्र्याक्टर प्रति ट्रिप ( खरी ) | ७०० | |
| २ | ट्र्याक्टर प्रति ट्रिप ( ढुङ्गा ) | ५०० | |
| ३ | ट्रिपर प्रति ट्रिप ( खरी ) | १००० | |
| ४ | ट्रिपर प्रति ट्रिप ( ढुङ्गा ) | ७०० | |

## अनुसूचि ५

**(दफा ६ सँग सम्बन्धित)**

**जडिबुटि, कबाडी र जीवजन्तु कर**

गाउँपालिका क्षेत्र भित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तु (जडिवुटि, कवाडी र जीवजन्तु) मा देहाय बमोजिमको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही असुल गरिनेछ ।

| क्र.सं. | माल वस्तुको नाम | ईकाई | अधिकतम |
|---|---|---|---|
| १ | ऊन | प्रति के.जी. | रू. २ |
| २ | खोटो | प्रति के.जी. | रू.४ |
| ३ | वनकस (खर), बावियो, पराल, निगालो, लोक्ता, अम्लिसो | प्रति टयाक्टर | रू. ५०० |
| ४ | खालि सिसी (मदिरा र अन्य) | प्रति ट्रक/टयाक्टर/सवारी | रू. ५०० |
| ५ | खालि सिसी (वियर) | प्रति ठूलो ट्रक | रू. १००० |
| ६ | प्लास्टिक बोटल | ट्रक/टयाक्टर/सवारी | रू. ५०० |
| ७ | जुटको बोरा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ८ | गार्मेन्टको कपडाको टुक्रा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ९ | कार्पेटको टुक्रा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १० | जुट र प्लाष्टिकको बोरा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| ११ | पुरानो टिन, ड्रम | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १२ | पुरानो कागज | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १३ | पत्रिका | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १४ | अन्य कागज | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १५ | धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १६ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू.१००० |
| १७ | पोलिथिन पाईपका टुक्राहरू | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |
| १८ | सिसाका टुक्रा वा धुलो | प्रति ट्रक/टयाक्टर/अन्य सवारी | रू. ५०० |

| | | | |
|---|---|---|---|
| १९ | काँचको धुलो र टुक्रा | प्रति ट्रक/ट्याक्टर/अन्य सवारी | रू. ५०० |
| २० | प्रचलित कानुनले निषेध गरे बाहेकका मरेका वा मारिएका पशुकाः | | |
| | क) हाड | प्रति के.जी. | रू. ७ |
| | ख) सिङ्ग | प्रति के.जी | रू. ८ |
| | ग) खुर | प्रति के.जी. | रू. ७ |
| | घ) छाला सानो | प्रति के.जी | रू. २० |
| | ङ) छाला ठूलो | प्रति के.जी. | रू. ३० |

**अनुसूचि ६**

**( दफा ७ सँग सम्बन्धित )**

**सडक उपयोग सेवा शुल्क**

| **क्र.स.** | **सवारी साधनको किसिम** | **कर रू** |
|---|---|---|
| १ | बस, ट्रक, लहरी अन्य हेभी गाडी | १४०० |
| २ | भाडाका कार, जीप, भ्यान र ट्र्याक्टर | १२०० |
| ३ | भाडाका पावर टेलर | १२०० |
| ४ | भाडाका मिनि बस, मिनि ट्रक | १२०० |
| ५ | निजी कार, मिनि बस र ट्रक | १२०० |
| ६ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी | २५० |

**नोटः**

गाउँपालिका भित्रका सबै सडकहरूमा सडक उपयोग सेवा शुल्क लगाईनेछ ।

**अनुसूचि ७**

**( दफा ८ सँग सम्बन्धित )**

**विज्ञापन कर**

| **क्र.स.** | **विवरण** | **कर रू.** | |
|---|---|---|---|
| | | निजी स्थल | सार्वजनिक स्थल |
| १ | बजार क्षेत्रको छेउछाउमा प्रति वर्ग फिट | १५ | १५ |
| २ | सहायक मार्गको छेउछाउमा | १० | १० |
| ३ | व्यावसायिक ब्यानर प्रति हप्ता | ४० | ४० |
| ४ | व्यावसायिक प्रचार प्रसार गाडीबाट माईकिङ प्रतिदिन | ८० | ८० |
| ५ | व्यावसायिक प्रचार प्रसार अन्य साधन बाट | ४० | ४० |

**नोटः- प्रदेश कानुनमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ ।**

## अनुसूची ८

( दफा ९ सँग सम्बन्धित )

### क) मनोरञ्जन कर

| क्र.स. | मनोरञ्जनका साधन | कर रू. | |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर, संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २ | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | २५० | |
| ३ | मेला महोत्सब सञ्चालन अनुमति | ५००० | |

**नोटः- प्रदेश कानुनमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ ।**

### ख) व्यावसायिक भिडियो कर :

| क्र.स. | भिडियो | कर रू. | | |
|---|---|---|---|---|
| १ | प्रति भिडियो | २५० | | |

## अनुसूचि ९

( दफा १० सँग सम्बन्धित )

### बहाल बिटौरी शुल्क

गाउँसभाले आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुने ।

## अनुसूचि १०

( दफा ११ सँग सम्बन्धित )

### पार्किङ्ग शुल्क

| क्र.स. | विवरण | कर रू. | |
|---|---|---|---|
| १ | मोटरसाईकल | ५ | |
| २ | कार, जीप, भ्यान | २० | |
| ३ | अन्य ठूला सवारी साधन | ५० | |

## अनुसूचि ११

(दफा १२ सँग सम्बन्धित )

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क**

गाउँसभाले आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुने ।

## अनुसूचि १२

(दफा १३ सँग सम्बन्धित)

क) सेवा शुल्क :

| क्र.स. | मूल्याङ्कन | सेवा शुल्क रू. |
|---|---|---|
| अ) मूल्याङ्कन सेवा शुल्कः- | | |
| १ | अचल सम्पत्ती मूल्याङ्कन | ०।२०% (प्रति हजार रू.२) |
| २ | आयस्रोत प्रमाणित (कृषि आम्दानी समेत) | ०।१५% (प्रति हजार रू.१।५) |
| | | |
| आ) न्यायिक दस्तुरहरूः- | | |
| ३ | मिलापत्र शुल्क | १००० |
| | न्यायिक समिति निवेदन दस्तुर | १०० |
| इ) अन्य शूल्क तथा दस्तुरहरूः- | | |
| ४ | घर नम्बरिङ्ग प्लेट (कच्ची घर प्रति गोटा) | २५० |
| ५ | घर नम्बरिङ्ग प्लेट (पक्की घर) | ६०० |
| ६ | स्थलगत प्राविधिक सेवा शुल्क | १७०० |
| ७ | स्थलगत सर्जमिन | ५५० |
| ८ | मुचुल्का प्रमाणित | २५० |
| ९ | तमसुक लगायत अन्य कागजात प्रमाणिकरण | रू. १ लाख सम्म १५०/- र त्यस भन्दा माथि ०.१५% |
| १० | प्रमाणिकरण दस्तुर | २०० |
| ११ | समूह दर्ता | १२०० (नविकरण तोकिए बमोजिम प्रत्येक पटक निवकरणमा रू. ६००) |
| १२ | सहकारी संस्था | ६००० (नविकरण प्रत्येक वर्षमा रू. २५००) |
| १३ | नाफामूलक संस्था दर्ता | २५००/१००० |
| १४ | सेवा मुलक संस्था दर्ता | १२००/५०० |
| १५ | नक्कल प्रमाणित दस्तुर (मालपोत समेत) | २०० |

| | | |
|---|---|---|
| १६ | अन्य प्रशासनिक दस्तुर, सेवा शुल्क तथा दस्तुरहरू | बेरूजु असुल भई प्राप्त आय, धरौटी सदर स्याहा |
| | | विभिन्न ऐन बमोजिम तोकिएको दरमा लिने (निवेदन दस्तुर, प्रशासनिक दस्तुर, ठेक्का पट्टाको निवेदन, लगायतका अन्य आम्दानीहरू) |
| **ई)** | **परिक्षा आबेदन दस्तुर :** | |
| १७ | १) अधिकृतस्तर :<br>२) नासु स्तरः<br>३) खरिदार स्तर :<br>४) श्रेणी बिहिन र अन्य | रु.१०००\|-<br>रु.८००\|-<br>रु.६००\|-<br>रु.४००\|- |
| **उ)** | **नाता प्रामाणित दस्तुरः-** | |
| १८ | नाता प्रमाणित | ४००/- |

**ऊ) व्यक्तिगत घटना दर्ताः**

| **क्र.स.** | **घटना** | **बिलम्ब शुल्क** | |
|---|---|---|---|
| १ | जन्म दर्ता | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम हुनेछ । | |
| २ | मृत्यु दर्ता | | |
| ३ | विवाह दर्ता | | |
| ४ | बसाई सराई गरी आउने | | |
| ५ | बसाई सराई गरी जाने | | |
| ६ | प्रतिलिपि सबै घटनाको | | |
| ७ | सम्बन्ध विच्छेदको | | |

**पुनश्चः** घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै प्रकारको शुल्क लगाईने छैन ।

**ऋ) नक्सा पास दस्तुर-ः**

| **क्र.स.** | **विवरण** | **प्रस्तावित करका दर** | |
|---|---|---|---|
| १ | आधुनिक **RCC** घरको | | |
| | क) नयाँ घर | | |
| | - नक्सा पास निवेदनको | ५०० | |
| | - भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ४ | |
| | - दोस्रो र तेस्रो तलामा प्रति वर्ग फिट | ५ | |
| | - तेस्रो तला भन्दा माथि प्रति वर्ग फिट | ५ | |

| | | | |
|---|---|---|---|
| | ख) अभिलेख घर सम्पन्न | | |
| | - **ROW** भित्र नपरेका प्रति वर्ग फिट | ८ | |
| | - **ROW** भित्र परेका प्रति वर्ग फिट | १२ | |
| २ | पर्खालको प्रति वर्ग फिट | ०।३० पैसा | |
| ३ | अस्थायी छाप्रो (नक्शा अनिवार्य पेश गर्नुपर्ने) | | |
| | - ५०० वर्ग फिट सम्मको | ८०० | |
| | - ५०० वर्ग फिट भन्दा माथिको | ११५० | |
| ४ | कच्ची घर (अस्थायी निर्माण ईजाजत पत्र अनिवार्य लिनुपर्ने) | २५० | |

- पक्कीन घर निर्माण र अस्थायी छाप्रो निर्माण ईजाजत दिंदा क्रमशः रु ५०००।- र १०००।- धरौटी लिईनेछ।त्यस्तो धरौटी रकम निर्माण कार्य सम्पन्नश भए पश्चात २०% ले हुन आउने रकम कट्टान गरी फिर्ता दिईनेछ । नक्शा पास फाराम शुल्क रु ५००।- लाग्नेछ ।

**<u>ए) भौतिक संरचनाको ह्रास कट्टी</u>**

| **क्र.सं.** | **भौतिक संरचना वनेको साल** | **ह्रास कट्टी प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १ | संरचना वनेको १ बर्ष नकटेको अवस्थामा | ० | |
| २ | संरचना वने पछि प्रत्येक बर्षमा | २% | |

- **<u>नोटः</u>** ह्रास कट्टी अधिकतम ५० बर्षसम्म हुनेछ । त्यस भन्दा वढी बर्ष भएको संरचनाको ह्रास कट्टी हुनेछैन ।

**अनुसूचि १२ ख**

**(दफा १३ सँग सम्बन्धित)**

**सिफारीस दस्तुरः-**

| **क्र.सं.** | **विवरण** | **दस्तुर रू.** |
|---|---|---|
| **१.** | उद्योग सिफारिस | |
| | - साना उद्योग | ६०० |
| | - मझौला उद्योग | १२०० |
| | - ठूला उद्योग | १८०० |
| | - हाईड्रोपावर दर्ता सिफारीस | १२००० |
| | - अन्य उद्योगहरू प्रकृति हेरी | १०००-१५००० |
| **२.** | निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमति सिफारिस | |
| | - पूर्व प्रा.वि. | १२०० |
| | - कक्षा १-५ | १७०० |

| | | |
|---|---|---|
| | - कक्षा ६-८ | २००० |
| | - कक्षा ९-१० | २२०० |
| | - कक्षा ११-१२ | २८०० |
| | - स्नातक तह | ३५०० |
| ३. | विद्युत सिफारिश (थ्री फेज) | ६०० |
| ४. | बिद्युत सिफारिस साधारण/घरायसी | ३०० |
| ५. | खानेपानी सम्बन्धी सिफारिस | ४०० |
| ६. | टेलिफोन जडान सम्बन्धी सिफारीस | ४०० |
| ७. | जन्म मिति प्रमाणित | ४०० |
| ८. | पारिवारिक विवरण | ४०० |
| ९. | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | ६०० |
| १०. | चार किल्ला प्रमाणित | ५०० |
| ११. | ग्रामिण क्षेत्रको घरबाटो सिफारिस | २५० |
| १२. | बजार क्षेत्रको घर बाटो सिफारिस | ४०० |
| १३. | घर कायम सिफारीस (कच्ची घर) | ३०० |
| १४. | घर कायम सिफारीस (पक्की घर) | ५०० |
| १५. | घर जग्गा नामसारी सिफारिस | ४०० |
| १६. | छुट जग्गा दर्ता सिफारीस | ६०० |
| १७. | फुकुवा सिफारिस | ४०० |
| १८. | भवन निर्माण प्रतिलिपि | १२०० |
| १९. | घर नक्सा प्रमाणित | ६०० |
| २०. | घर नक्सा नविकरण | ४०० |
| २१. | घर नक्सा नामसारी | ४०० |
| २२. | घर निर्माण सम्पन्न सिफारिश (**RCC**) | १२०० |
| २३. | घर निर्माण सम्पन्न सिफारिश (कच्ची ) | ५०० |
| २४. | निजी क्षेत्रका रुख कटान सिफारिस (प्रति गोटा) | २०० |
| २५. | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (नेपाली) | २५० |
| २६. | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (भारतिय) | ६०० |
| २७. | पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस (अन्य मुलुक) | १२०० |
| २८. | परिवार ल्याएको लगेको सिफारिस/प्रमाणित | ३०० |
| २९. | हकवाला संरक्षण सिफारिस | ४०० |
| ३०. | अपुताली सिफारिस (नेपाल) | ५५० |
| ३१. | अपुताली सिफारिस (विदेशी) | २५०० |

| | | |
|---|---|---|
| **३२.** | अविवाहित प्रमाणिकरण सिफारिस | ४०० |
| **३३.** | सम्बन्ध विच्छेद सिफारिस | २५० |
| **३४.** | विभिन्न दलित, जनजाती तथा थर सिफारीस/प्रमाणित | ४०० |
| **३५.** | वैदेशिक प्रयोजनका लागि गरिने अंग्रेजी भाषाका सबै सिफारिस | ६०० |
| **३६.** | सेवामूलक संस्था दर्ता सिफारिस/नविकरण सिफारिस | ४००/३०० |
| **३७.** | नाफामूलक संस्था दर्ता सिफारिस/नविकरण सिफारिस | १२००/५०० |
| **३८.** | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ३०० |
| **३९.** | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | ३०० |
| **४०.** | कर क्लियरेन्स सिफारिस (नेपाली) | ३५० |
| **४१.** | बन्द भएको वा ठाउँ सारेको सिफारिस/प्रमाणित | ३०० |
| **४२.** | एफ.एम.सञ्चालन सिफारिस | ३५००० |
| **४३.** | एफ.एम.सञ्चालन इजाजत दस्तुर (१०० वाट सम्म) | ९००० |
| **४४.** | एफ.एम.सञ्चालन इजाजत नविकरण | ६००० |
| **४५.** | नाम संसोधन, नाम छुट तथा दुई नाम सिफारिस | ४०० |
| **४६.** | नाबालक परिचय पत्र सिफारिस | ३५० |
| **४७.** | वंशजको नागरिकता सिफारिस | ३०० |
| **४८.** | अंगिकृत नागरिकता सिफारिस | ५५० |
| **४९.** | नागरिकताको प्रतिलिपि सिफारीस | ३५० |
| **५०.** | नागरिकताको संसोधन सहित प्रतिलिपी सिफारिस | ४०० |
| **५१.** | नाफामूलक संस्था दर्ता सिफारिस | १००० |
| **५२.** | सेवा मुलक संस्था दर्ता सिफारिस | ५०० |
| **५३.** | यस विवरणमा नपरेका अन्य जुनसुकै सिफारिस प्रकृति हेरी | ४००-६०० |

**पुनश्चः**

गाउँपालिका क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय पत्र सम्बन्धी, नेपाली छात्रवृत्ति सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार तथा आर्थिक सहायता सम्बन्धी तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिस दस्तुरमा पूर्ण छुट दिईनेछ । साथै टोलविकास संस्थाहरू निशुल्क दर्ता गरिनेछ । यस विवरणमा उल्लेख नभएका अन्य क्षेत्रगत/विषयगत संस्थाहरू/व्यवसायहरूको दर्ता तथा नविकरणमा सम्बन्धित कानून/निर्देशिका/कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधि समेत नभएको अवस्थामा माथि उल्लिखित दरमध्ये मिल्दो दरमा कर लगाइनेछ ।

## अनुसूचि १३

## ( दफा १४ सँग सम्बन्धित )

## पर्यटन शुल्क

पर्यटन शुल्क गाउँसभाले आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूचि १४

## ( दफा १५ सँग सम्बन्धित )

## दण्ड जरिवानाः-

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा | पहिलो बर्ष १२% |
| २ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा उक्त बर्षको शुल्क, दस्तुर, कर सहित | दोस्रो बर्ष १७% |
| ३ | तोकिएको शुल्क, दस्तुर, कर सम्बन्धित बर्षमा नबुझाएमा उक्त बर्षको शुल्क, दस्तुर, कर सहित | तेस्रो बर्षबाट प्रत्येक वर्ष ६% का दरले थप |
| ४ | ढुङ्गा, गिट्टी, बालुवा वा अन्य प्राकृतिक स्रोत चोरि निकासी (व्यक्ति, संस्था वा सवारी साधनबाट प्रति पटकको) | ६००० देखि ६०००० सम्म |